अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई जब-जब दुईवटा कुराहरूमध्ये कुनै एक रोज्ने विकल्प दिइयो, तब-तब उहाँले तीमध्ये सजिलो कुरालाई नै रोज्नुभयो, जबसम्म त्यो पापको कुरा हुँदैनथ्यो। यदि त्यसमा कुनै पापको कुरा हुन्थ्यो भने, उहाँ मानिसहरूमध्ये त्यसबाट सबैभन्दा टाढा रहनुहुन्थ्यो

उम्मुल-मुमिनीन आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छन्, "अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई जब-जब दुईवटा कुराहरूमध्ये कुनै एक रोज्ने विकल्प दिइयो, तब-तब उहाँले तीमध्ये सजिलो कुरालाई नै रोज्नुभयो, जबसम्म त्यो पापको कुरा हुँदैनथ्यो। यदि त्यसमा कुनै पापको कुरा हुन्थ्यो भने, उहाँ मानिसहरूमध्ये त्यसबाट सबैभन्दा टाढा रहनुहुन्थ्यो। र अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले कहिल्यै पनि आफ्नो व्यक्तिगत मामिलाका लागि कसैसँग बदला लिनुभएन; तर जब अल्लाहको नियमको उल्लङ्घन हुन्थ्यो, तब उहाँले अल्लाह (को शरीअत) का लागि बदला लिनुहुन्थ्यो।"
[सही] [मुत्तफकुन अलैहि]

उम्मुल मोमिनीन (आस्थावान्की आमा) आयशा (रजियल्लाहु अन्हा) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का केही बानी-व्यहोराको बारेमा उल्लेख गर्नुभएको छ । उहाँले उल्लेख गर्नुभएका कुराहरूमध्ये एक यो हो कि— रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई जब कहिल्यै दुईवटा कुराहरूमध्ये कुनै एक रोज्ने विकल्प दिइन्थ्यो, उहाँले सधैँ तीमध्ये सजिलो कुरालाई रोज्नुहुन्थ्यो, जबसम्म त्यो सजिलो कुरा कुनै पापसँग जोडिएको हुँदैनथ्यो । यदि त्यो कार्य पापयुक्त हुन्थ्यो भने, उहाँ सम्पूर्ण मानव जातिमा त्यसबाट सबैभन्दा टाढा रहने व्यक्ति हुनुहुन्थ्यो र त्यस्तो अवस्थामा उहाँले कठिन विकल्प नै रोज्नुहुन्थ्यो । त्यसैगरी उहाँले कहिल्यै पनि आफ्नो लागि बदला लिनुभएन, बरु आफ्ना अधिकारसम्बन्धी मामिलाहरूमा उहाँ अत्यन्त सहनशील र क्षमाशील हुनुहुन्थ्यो। तर जब अल्लाहका सीमारेखा तथा नियमहरूको उल्लङ्घन गरिन्थ्यो, तब उहाँ अल्लाहकै खातिर त्यसको प्रतिकार गर्नुहुन्थ्यो र अल्लाहका आदेशहरूको अवज्ञा हुँदा उहाँ अल्लाहका निम्ति सबैभन्दा बढी क्रोधित हुने व्यक्ति हुनुहुन्थ्यो।

http://www.sunnah.global/hadeeth/ne/show/6389